★ राष्ट्रियता ★ लोकतन्त्र ★ समाजवाद ★ विद्यार्थी एकता
Nationality Democracy Socialism Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

(2070)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No: ३७२-०७९

मितिः २०७९/०५/२७

## प्रेस विज्ञप्ति

**विषयः ने.वि.संघ त्रिभुवन विश्वविद्यालय समिति विघटन सम्बन्धमा ।**

नेपालको राजनीतिक परिवर्तनको प्रत्येक कालखण्डमा नेतृत्व गर्दै आएको नेपाली कांग्रेसको सशक्त भ्रातृ संस्था नेपाल विद्यार्थी संघ रहेको सर्वविदितै छ । नेपालको शैक्षिक क्षेत्रको उन्नयनमा सदैव क्रियाशिल रहि प्रत्येक राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनमा निर्णायक भूमिका निर्वाह गर्दै आइरहेको हाम्रो संगठनलाई समयानुकूल डोहोर्याउनु पर्ने चुनौती हामी माझ रहेको छ। जसका लागि विश्वपरिवेशको भूराजनीतिक अवस्था, प्रविधिको विकास संगै विद्यार्थी संघको नेतृत्व पनि रचनात्मक,जुझारु,सृजनात्मक र परिमार्जित हुनु आजको आवश्यकता हो। त्यसैले मातृ पार्टीले नेपाल विद्यार्थी संघमा ३२ वर्षको उमेर हदबन्दी कायम गरेको व्यहोरा जगजाहेर नै छ ।

त्यसैको फलस्वरूप देशभरिका कयौं विद्यार्थी नेता साथीहरू विद्यार्थी राजनीतिबाट बञ्चित हुनुभयो । यसको प्रत्यक्ष प्रभाव त्रिभुवन विश्वविद्यालयमा पनि पर्न गयो। परिणाम स्वरुप त्रि.वि. समिति पनि नेतृत्वविहिन हुन पुग्यो र त्रि.वि.मा आवद्ध साथीहरू आ-आफ्नो तवरले सक्रिय रहनुभयो । आजको मिति सम्म नेपाल विद्यार्थी संघ त्रिभुवन विश्वविद्यालयमा नेतृत्व गर्नुहुने सम्पूर्ण विद्यार्थी नेताहरुलाई धन्यवाद व्यक्त गर्दै अब संगठनलाई एक ढिक्का बनाइ थप सशक्त र संगठित गर्ने दायित्व केन्द्रीय समितिको रहेको हुनाले सोही बमोजिम त्रि.वि.मा सक्रिय साथीहरू संगको निरन्तर छलफल संवाद र अन्तर्रक्रियाको मर्म अनुरुप यथाशिघ्र नेविसंघ त्रि.वि.समितिको अधिवेशन गर्नुपर्ने देखिएको छ। त्यसैले विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा सक्रिय सम्पूर्ण समितिहरु आजकै मिति देखी विघटन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौ। नेपाल विद्यार्थी संघलाई वैधानिक ढङ्गले मूर्त रुप दिन यथाशीघ्र केन्द्रीय प्रतिनिधि खटाइ क्याम्पस अधिवेशन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

नेविसंघ त्रि.वि.मा आवद्ध सम्पूर्ण साथीहरूलाई अधिवेशनको वातावरण सिर्जना गरि अधिवेशन प्रक्रियामा सहभागी हुन आग्रह गर्दै अब उप्रान्त केन्द्रीय समितिको परिपत्र, समन्वयन तथा निर्देशन बिना त्रि.वि. समितिको रिक्तताको समयमा कुनै पनि सांगठनिक गतिविधि एवम् नियम विपरीतका क्रियाकलापहरु नगर्न/नगराउनु हुन सम्बन्धित सबैमा यसै विज्ञप्ति मार्फत अनुरोध गर्दछौ । जय नेपाल!

**बोधार्थः**

**नेपाली कांग्रेस केन्द्रीय कार्यालय, सानेपा**

**त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर**

**त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालयहरू, कीर्तिपुर**

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति